परिवर्तनका लागि एक नयाँ आवाज

# टक नेपाल

Talk Nepal National Daily

राष्ट्रिय दैनिक

ई-पत्रिका अनलाईन पढ्नका लागि क्युआर कोड स्क्यान गर्नुहोला ।

•वर्ष २ •अंक २७ •२०८० वैशाख ६ गते बुधबार •(19 April-2023) •पृष्ठ ४ •मुल्य रु ३।- www.talknepaltv.com

## दोहोरो सुविधा कटौती गर्ने निर्णय अनुमोदित

**टक नेपाल**

काठमाडौं । नेपाल प्रज्ञा-प्रतिष्ठानको ३९ औं प्राज्ञसभाले प्रतिष्ठानका आजीवन सदस्यले दोहोरो सुविधा नपाउने गरी गत फागुन ११ गतेको प्रज्ञा परिषद्ले गरेको निर्णयलाई अनुमोदन गरेको छ। सभाले प्राज्ञहरूको कार्यविभाजन र विभाग गठन गर्नेसम्बन्धी परिषद्बाट भएका निर्णय पनि अनुमोदन गरेको छ । प्रतिष्ठानका संरक्षक एवं संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री सुदन किरातीको आतिथ्यतामा सोमबार भएको सभाले परिषद्का निर्णय अनुमोदन गरेको जनाइएको छ । प्रतिष्ठानमा नयाँ नेतृत्व आएपछि यो पहिलो सभा (बैठक) बसेको हो । प्रतिष्ठानका कुलपति भुपाल राईले सभाका निर्णय छिट्टै व्यवस्थितरूपमा सार्वजनिक हुने जनाउँदै आजीवन सदस्यको दोहोरो सुविधा रोक्ने विषयमा प्रतिष्ठानको निर्णय अनुमोदन भएको बताउनुभयो । सर्वोच्च अदालतमा मुद्दा परेको सम्बन्धमा त्यहाँ प्रतिष्ठानले आफ्नो विषय स्पष्ट पार्ने उल्लेख गर्दै उहाँले भन्नुभयो, "हाम्रो निर्णय यथावत् छ । अदालतबाट कुनै फरक आदेश आएमा त्यसअनुसार गर्ने कुरा भई नै हाल्छ। अहिलेलाई परिषद्को निर्णय अनुमोदन हुने नै भयो ।" उहाँले नेपालको सम्पूर्ण साहित्य, भाषाभाषी, संस्कृतिको प्राज्ञिक खोज-अनुसन्धान गर्दै नयाँ संस्कृति निर्माण गर्नुपर्नेमा जोड दिनुभयो । सर्वोच्च अदालतले प्रतिष्ठान विरुद्ध प्राडा वासुदेव त्रिपाठीसहित ११ आजीवन सदस्यले दिएको रिट निवेदनका सम्बन्धमा कूलपति, उपकुलपति, सदस्य सचिव र प्रज्ञापरिषद्का सदस्यलगायतलाई आजीवन सदस्यता वृत्ति रोकेका सम्बन्धमा परेको उजुरीमा अन्तरिम आदेश किन हुनुनपर्ने भनि आज छलफलका लागि बोलाएको छ। सरकारी सेवा वा निकायका तलब/सुविधा वा निवृत्तिभरण पाउने आजीवन सदस्यलाई प्रतिष्ठानले भत्ता रोक्ने निर्णय गरेको हो भने त्यस्ता आजीवन प्राज्ञ सदस्यले आफूहरूको प्राज्ञिक योगदानका आधारमा दिइएको सम्मानवृत्ति पाएकाले त्यसलाई दोहोरो सुविधा वा पारिश्रमिक भन्न नमिल्ने तर्क गर्दै आएका छन् । प्रतिष्ठानका आजीवन सदस्य प्राडा त्रिपाठी, प्राडा चूडामणि बन्धु रेग्मी, गङ्गाप्रसाद उप्रेती, प्राडा योगेन्द्रप्रसाद यादव, तीर्थबहादुर श्रेष्ठ, आरडी 'प्रभास' चटौत (राजेश्वरीदत्त चटौत), अशेषकुमार मल्ल, डा धुवचन्द्र गौतम, तोया गुरुङ, तुलसीप्रसाद जोशी (तुलसी दिवस) र शशीविक्रम शाहका तर्फबाट आकाश ढकालले गत चैत १२ गते सर्वोच्च अदालतमा रिट दायर गर्नुभएको थियो । आजीवन सदस्यताका सम्बन्धमा प्रतिष्ठानविरुद्ध घनेन्द्र ओझाले दिएको रिट निवेदनको मुद्दा पनि विचाराधीन रहेको छ। सभामा मन्त्री किरातीले नेपाली समाज इतिहास र संस्कृतिको पुनर्लेखन गर्दै समाजवादी संस्कृतिलाई अङ्गिकार गर्नुपर्नेमा जोड दिनुभएको थियो भने भाषा आयोगका अध्यक्ष डा गोपाल ठाकुर, राष्ट्रिय योजना आयोगका सदस्य डा रामकुमार फुँयाल, नेपाल ललितकला प्रज्ञाप्रतिष्ठानका कुलपति नारदमुनि हार्तम्छाली, नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका कुलपति निशा शर्मालगायतले सांस्कृतिक क्षेत्रको विकासमा र सहकार्यका लागि आग्रह

## इन्धनको जोहोका लागि 'गुइँठा' बनाइँदै

**टक नेपाल**



महोत्तरी । खाना पकाउन थरिथरिका आधुनिक प्रविधि भित्रिए पनि महोत्तरीका ग्रामीण बस्तीमा अझै इन्धनका लागि 'गुइँठा' र 'चिपरी' कै भर छ । वस्तुभाउको गोबर सङ्कलन गरेर 'गुइँठा' 'गोरहा' र 'चिपरी' बनाउन अहिले ग्रामीण बस्तीका महिला लागि परेका देखिन्छन् । ग्रामीण क्षेत्रमा 'गुइँठा' र 'चिपरी' का लागि गोबर सङ्कलन गर्न, सुकाउन र चाङ् लगाएर राख्न व्यस्तता बढेको छ । गोबर मुछेर भित्रपट्टि छेस्काछेस्की राखेर बनाइने लाई 'गुइँठा' (गोरहा) र चाक्लो (थाल आकार) को लाई 'चिपरी' भनिन्छ । मधेशमा खाना पकाउने इन्धनको मुख्य स्रोत मानिने यो काममा महिला व्यस्त देखिन्छन् । पहिले पहिले किसान परिवारमा पशु पाल्ने आम चलन हुँदा आफ्नै बस्तुको गोबरले पुग्ने गरेको भए पनि पछिपछि बस्तुभाउ घट्दै गएपछि चरनक्षेत्र, पानीघाट र बाटोघाटोमा बस्तुभाउले गोब्र्याउने गोबर टिप्न महिला व्यस्त देखिन्छन्। जिल्लाका सबैजसो ग्रामीण बस्तीमा अहिले आम महिला ढकी (बाँसको चोयाले बुनिएको खास भाँडो, 'छिटी' पनि भनिन्छ) बोकेर गोबर सङ्कलन गर्न र घरघरै 'गुइँठा' बनाउन व्यस्त देखिन्छन् । जिल्लाका १५ स्थानीय तहमध्ये १० नगरपालिकामा पनि धेरैजसो ग्रामीण बस्ती नै रहेका हुँदा सबैजसो भेगमा वर्षायाम अघिको गर्मी याममा अहिले यो काममा गृहिणी लागेका हुन् । "के गर्नु पकाएर खानु परिहाल्छ", यही काममा व्यस्त देखिनु भएकी औरही-१ औरहीबजार बस्तीकी शीलावती देवीले भन्नुभयो, "बर्खा लाग्नु पहिले नै गुइँठा, चिपरी थन्क्याइएन भने दुःख पाइन्छ ।" खासमा बर्खायामका लागि आवश्यक इन्धनको जोहो अहिले नै गर्नुपर्ने हुँदा यो काम अहिले मुख्य बनेको गृहिणी बताउँछन् । अरुबेला खेतबारीका झिक्राझिक्री पनि बाल्न प्रयोग गर्न सकिने भए पनि बर्खामा सबै भिज्ने हुँदा थन्क्याएर राखेको 'गुइँठा' र 'चिपरी'कै भर हुने गृहिणीको भनाइ छ। "के गर्नु ? खाना पकाएर ख्वाउने जिम्मा घरका महिलाकै हुन्छ, आफैँले पछि पाउने दुःख सम्झेर पनि अहिले गोबर खोज्नदेखि गुइँठा र चिपरी बनाउन, चाङ लगाएर सुकाउन र राम्ररी थन्क्याउन परेको हो", भङ्गाहा-४ रामनगर बस्तीकी रामसखी साहले भन्नुभयो । अहिले चर्को घाममा 'चिपरी' र 'गुइँठा' चाँडै सुक्ने भएको हुँदा गृहिणीले यसलाई मुख्य काम बनाएका छन्। वर्षभरिकै इन्धन जम्मा गर्न 'चिपरी' र 'गुइँठा' बनाउनुलाई 'पाथ्ने' वा 'पथार्ने' भनिन्छ । घरमा पशु हुनेले आफ्नै गोठको गोबर जम्मा गरेर कुरी (थुप्रो) लगाउने र नहुनेले सडक र चरनक्षेत्रसम्म पुगेर गोबर सङ्कलन गरेर घर वरपर ल्याएर थुपार्ने महोत्तरीमात्र नभएर मध्यपूर्वी तराईक आम कुरो मानिन्छ। यसरी दुई/तीन दिन लगाएर थुपारिएको गोबर अर्को दुई/तीन दिन लगाएर 'गुइँठा' र 'चिपरी' पाथ्ने गरिन्छ । यसरी बनाइएका 'गुइँठा' र 'चिपरी' घाम राम्रो लाग्ने ठाउँमा चाङ् लगाएर राखिन्छ । यस्तो चाङ् एक महिनाजति घामले सुकेपछि 'चिपरी' र 'गुइँठा' पानी नचुहिने, नभिज्ने ठाउँमा थाक बनाएर राखेपछि आवश्यकता अनुसार खाना पकाउन प्रयोग गरिन्छ। मध्यपूर्वी तराईक्षेत्रमा घरपालुवा पशुबस्तु (गाई, गोरु, भैँसी र राँगा) को गोबर इन्धनमा खर्च हुने भएपछि जग्गा जमिनमा उत्पादन भने कम हुने र रासायनिक मलको प्रयोग बढेको पाका किसान बताउँछन् । "खेतबारीमा हाल्नुपर्ने कम्पोष्ट मल बनाइने गोबर दाउरामा प्रयोग गरिन्छ", महोत्तरीकै भङ्गाहा नगरपालिका-६ हतिसर्वाका किसान रामलक्षण यादव भन्नुहुन्छ,"खेतबारी मलिलो बनाउने कम्पोष्ट मल नभएपछि उत्पादन निकै घटेको छ ।" अब इन्धनमा गोबरको विकल्प नखोजिने हो भने जग्गाको उर्वराशक्ति ह्रास भएर यहाँका जग्गा ढड्यान (उब्जा नहुने रुखो जग्गा) बन्ने किसान बताउँछन् । सरकारले सर्वसाधारण किसानलाई ग्यास चुलो जडान गर्न उत्प्रेरित गर्न र गरिब जनतासम्म वन सम्पदा (दाउरा) मा पहुँच बढाउन पहलकदमी लिनुपर्ने यादवको भनाइ छ ।

## विकास खर्च निराशाजनक,
## अहिले सम्म २१ दशमलव ४२ प्रतिशत खर्च मात्र

**टक नेपाल**




जनकपुरधाम । चालू आर्थिक वर्ष २०७९/८० को ९ महिनामा मधेस प्रदेश सरकारको विकास खर्च निराशाजनक देखिएको छ। मधेस प्रदेश सरकारले चालू आर्थिक वर्षको ९ महिनामा (साउनदेखि चैत)सम्ममा विकास बजेटको २१ दशमलव ४२ प्रतिशत रकम मात्र खर्चिन सकेको हो । प्रदेश लेखा नियन्त्रक कार्यालयका अनुसार चालू आर्थिक वर्षको ९ महिनामा सरकारले चालू र पुँजीगत गरी कूल १० अर्ब ५ करोड १३ लाख ९९ हजार १८६ रुपैयाँ खर्च गरेको छ । मधेस प्रदेश सरकारले आर्थिक वर्ष २०७९/८० का लागि ४६ अर्ब ९१ करोड ४८ लाख ८८ हजार रुपैयाँ विनियोजन गरेको थियो । जसमध्ये चालूतर्फ २० अर्ब ९३ करोड ३९ लाख ४५ हजार र पुँजीगततर्फ २५ अर्ब ९८ करोड ९४ लाख ३ हजार थियो । प्रदेश सरकारले विभिन्न ११ वटा मन्त्रालय र ७ वटा मातहतका निकायको गरी कूल १८ निकायका लागि सो बजेट ल्याएको थियो। प्रदेश सरकारले चालूतर्फ ४ अर्ब ३६ करोड ७ लाख २० हजार ८७७ र पुँजीगततर्फ ५ अर्ब ६८ करोड ४३ लाख ७८ हजार ३०७ रुपैयाँ मात्र खर्च गर्न सकेको प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालयका प्रमुख राधेश्याम गिरीले जानकारी दिए । चालू आर्थिक वर्षको बाँकी ३ महिनामा मधेस सरकारलाई ७८.५७ अर्थात ३६ अर्ब ८६ करोड ३४ लाख ८८ हजार ८१४ रुपैयाँ खर्च गर्न बाँकी रहेको उनले बताए ।

-बाँकी पृष्ठ ३ मा

नयाँ वर्ष २०८० को अफर आयो ।

Hero

★ नयाँ वर्ष आयो हिरोको अफर पायो । ★
पुरानो दिनुहोस् नयाँ हिरो लिनुहोस् ।



बम्पर रु १,००००० हरेक Scratch कुपन रु १,००००० सम्म

Hero को नयाँ शाखा महेन्द्रनगरमा

मिति : २०८० वैशाख १ गते देखि २० गतेसम्म मात्र

थप ADDITIONAL VALUATION Rs.10,000/-

साथै सर्भिसिङ्ग क्याम्प

१०% छुट स्पेयर पार्टस

नि:शुल्क वासिङ

MEGA-XCHANGE

कुनै पनि मोटरसाईकल वा स्कूटर प्रचलित बजार VALUATIONभन्दा रु.१०,०००/- थप

सर्भिसिङ्ग लेबर शुल्क ★ रु. ९९ मात्र

SANTI AUTO ENTERPRISES

Bardibas, Mahottari
Mob No. 9824850969, 9812149614
Sunrises Bank भवनको मुनि

Address : Mahendranagar
Mob No. 9812088012, 9812006189
Krishi Bikas Bank भवनको मुनि

यो सुविधा बर्दिबास र महेन्द्रनगर Hero स्वरुममा

टक नेपाल
Talk Nepal National Daily

२०७९ वैशाख ६ गते बुधबार

## ....सम्पादकीय

### ‘एम्बुलेन्स ट्र्याकिङ सिस्टम’को सराहना

बिरामी वा घाइतेलाई समयमै स्वास्थ्य संस्थामा पुऱ्याई गुणस्तरीय स्वास्थ्य सेवा प्रदानको पहिलो माध्यम एम्बुलेन्स स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको एकद्वार प्रणाली ‘एम्बुलेन्स ट्र्याकिङ सिस्टम’ मार्फत चल्ने व्यवस्था गर्नु स्वागतयोग्य कुरा हो। यो सेवाको परीक्षण बागमती प्रदेश र सुदूरपश्चिममा लागू भइसकेको छ। सेवा विस्तार तथा नागरिक मैत्री बनाउन पठाओजस्तै एपमार्फत हेर्न मिल्ने गरी सफ्टवेयर लागू गर्ने तयारी हुनुले अझ सहज र झन्झटमुक्त हुनेतर्फ सरकारको तयारी हुनु अर्को खुशीको कुरा हो । सरकारले नागरिकको स्वास्थ्य सेवा पाउने संवैधानिक व्यवस्था कार्यान्वयनको थालनी यो सेवाबाट गरेको हो । यो सेवाले निरन्तरता पाओस् र नागरिकको राज्यप्रतिको दायित्व महसुस हुने गरी सरकारी निकायले आफ्नो भूमिका यसरी नै निर्वाह गरोस् । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले शुरु गरेको यो सिस्टमले देशभरिका एम्बुलेन्स ट्र्याकिङ गरी एउटै सिस्टममा ल्याउन १०२ नम्बरमा कल गर्ने व्यवस्था मिलाएको छ । यसका साथै एम्बुलेन्स एप्स नै लागू गर्ने गरी तयारी गरिरहेको छ। नेपालमा पहिलोपटक वीर अस्पतालबाट शुरु भएको एम्बुलेन्स सेवा हाल आएर गाउँ-गाउँसम्म पुगी बिरामीलाई सहजरुपमा स्वास्थ्य संस्थामा पुऱ्याउन प्रमुख साधन बनेको छ। यो सेवालाई चुस्त-दुरुस्त बिरामी-मैत्री बनाउनका लागि क र ख वर्गकाले मात्र बिरामी बोक्न पाउने राष्ट्रिय एम्बुलेन्स निर्देशिका, २०७८ समेत जारी भएको छ । नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय स्वास्थ्य आपत्कालीन विपद् व्यवस्थापन एकाइ स्वास्थ्य आपत्कालीन कार्यसञ्चालन केन्द्रबाट एम्बुलेन्स सेवालाई व्यवस्थित गर्ने दायित्व तोकिएको छ । २०४२ सालदेखि हालसम्म नेपालमा राजस्व सुविधा लिएर भित्रिएका २ हजार ४ सयवटा एम्बुलेन्समध्ये १ हजारवटा १० वर्ष कटेका छन् । स्वास्थ्य मन्त्रालयले अब एम्बुलेन्स भित्र्याउन संघसंस्थालाई नभई स्वास्थ्य संस्थालाई मात्र दिने नियम बनाएको छ । भित्रिएका र म्याद गुज्रिएका एम्बुलेन्स अर्को गाडीमा परिणत गर्न नमिल्ने व्यवस्था छ। यो व्यवस्थाले दर्तामा आउनेको संख्यामा कमी देखिएको छ। एम्बुलेन्स सञ्चालनका लागि स्वास्थ्य मन्त्रालयसँग विधिवत् अनुमति लिनुपर्छ । दुई वर्षपछि नवीकरण गराउनुपर्ने कानुनी व्यवस्था रहेको छ । स्वास्थ्य मन्त्रालयमा ६ सय ६२ वटा एम्बुलेन्सले स्वीकृति लिएको र एम्बुलेन्स ट्र्याकिङ सिस्टममा ८१ वटा आइसक्नुले एम्बुलेन्स सञ्चालन एकद्वारको औचित्यता पुष्टि हुने देखिन्छ। एम्बुलेन्स सञ्चालन व्यवस्थित बनाउन २०७८ सालमा निर्देशिका जारी गरी २०७८ भाद्र १८ गतेदेखि लागू गर्ने व्यवस्थामा तोकिएको थियो । धुलिखेल अस्पताल र धादिङ अस्पतालले यो नियमको पालना गरिसकेको र हाल सुदूरपश्चिम र बागमती प्रदेशमा शुरु भइसकेको छ। अब नेपालमा एम्बुलेन्स भित्रिएको ३५ दिनभित्र स्वीकृति लिनुपर्छ भने स्वीकृति लिएको २ वर्षभित्र नवीकरण गर्नुपर्छ।

विज्ञापनको लागि सम्पर्क गर्नुहोस्

अनुराग कु. यादव

९८१४२३७४०८, ९८०७८२१०१४

९८६३२१०१४

टक नेपाल राष्ट्रिय दैनिक पत्रिका

# चलायमान अर्थतन्त्रका सार्थक प्रयास

■ नेत्र सुवेदी ‘प्रयास’

नयाँ वर्ष प्रारम्भ भएसँगै पुरानो वर्षका कतिपय चुनौतीहरु भने नयाँवर्षमा सरेर आएका छन्। शिथिल भएको अर्थतन्त्र बौरिएको छैन । पूँजीगत खर्चको अवस्था कमजोर हुँदा बजारको शिथिलतामा त्राण नआएको तर्कसमेत प्रस्तुत भइरहेका छन् । तीनवटा निर्वाचन क्षेत्रमा उपनिर्वाचन हुने मिति नजिकिँदैछ। बैंकबाट प्रवाह हुने कर्जाको ब्याजदर व्यवसायीमैत्री नरहेको टिप्पणी जारी नै छ । नेपाली युवा रोजगारीका लागि विदेशी भूमिमा निर्भर रहने क्रम सङ्घीयतापछि पनि घट्न सकेको छैन उल्टो बढेको छ। हरेक वर्षजस्तो आगामी आर्थिक वर्षका लागि नीति तथा कार्यक्रम र बजेट तयारीका कामहरु सुरु भएको छ। तीन तहका सरकार छन् तर यी सरकारहरुले ठोस रुपमा कुन नीतिगत खाका प्रयोग गरेर उत्पादनमूलक अर्थतन्त्रको आधार तयार गर्ने भन्ने कार्य भने हालसम्म हुन सकेको छैन। संविधानले परिकल्पना गरेको आर्थिक समृद्धि/समाजवादोन्मुख अर्थतन्त्र होस् वा पन्ध्रौँ योजनाले लिएको ‘सुखी नेपाली समृद्ध नेपाल’को नारा नै किन नहोस् वास्तविक धरातलमा उत्रने गरी यी विषयको व्याख्या र व्यवस्था दुवै हुन सकेन। नीति कार्यक्रम र बजेट हरेक वर्ष पेस भएकै छन् तर खर्चको अवस्था अति कमजोर छ। चालु वर्षमा राजस्व सङ्कलनको अवस्था समेत कमजोर हुन गई अनिवार्य दायित्वको भुक्तानीका लागिसमेत वैकल्पिक स्रोत खोज्नुपर्ने दबाबमा सरकार पुगेको छ । यस्तो अवस्थामा स्वदेशमा रहेका सम्भावनाहरुको उजागर गर्नेतर्फ नीति, कार्यक्रम र बजेट निर्देशित हुनुपर्ने देखिन्छ ।

**सङ्घीय संरचनामा उपलब्ध अवसर**

नेपालको संविधान २०७२ ले गरेको व्यवस्थाअनुसार मुलुकमा तीन तहका सरकारहरु क्रियाशील र हिआएका छन् । देशैभरबाट सङ्कलन भएको आमदानीलाई राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले तयार गरेको सूत्रअनुसार सातवटै प्रदेश र सात सय ५३ वटा पालिकामा आर्थिक वर्षको सुरुदेखि अन्त्यसम्म किस्ताबन्दी रुपमा बाँडफाँट गरिन्छ । सबै शासकीय एकाइहरुले आ-आफ्नो नीति, कार्यक्रम र बजेट तर्जुमा र कार्यान्वयन गर्दछन्। राष्ट्रियस्तरमै समग्रमा मार्गदर्शन गर्ने नीति र कार्यक्रम नेपाल सरकारले तर्जुमा गरेर लागू गर्दछ। स्थान विशेषका सवाल तथा प्राप्त अधिकार अनुसार आफ्नै नीति तथा कानुनबाट समाधान गर्न प्रदेश र स्थानीय तह स्वतन्त्र छन् । यस क्रममा उत्पादन, प्रतिस्पर्धा र लगानीको उपयुक्त वातावरण तयार गर्नका लागिसमेत केन्द्रबाट संविधानको मर्म अनुकूल हुने गरी नीति लिनु उपयुक्त हुन्छ। समाजवादोन्मुख र आत्मनिर्भर अर्थतन्त्र हुनका लागि कुन कुन पात्रहरुले के कस्तो अगुवाइ लिने भन्ने पनि प्रस्ट पारिनु पर्दछ। उत्पादन, वितरण वा व्यापार, उपभोग, सेवाको विस्तार र मौलिक उत्पादनको संरक्षणसहितको प्रवर्द्धनमा भने सबै एकाइहरुले प्राथमिकतापूर्वक नीति, कार्यक्रम र बजेट निर्माण गरी कार्यान्वयनमा उतार्न सक्दछन्। सम्भावनाको राष्ट्रियकरण र समस्याको स्थानीयकरण गर्नमा सङ्घीय शासकीय व्यवस्था खरो उत्रनु पर्दछ। विकृतिको चाङ लगाउने नभई नवीनतम र उदाहरणीय आर्थिक रुपान्तरणका कार्यक्रमहरु अघि सारेर अन्य तहसँग परिपूरकको भूमिकामा देखिनु आवश्यक छ। कतिपय स्थान र सवालमा सहकार्यको ढाँचा प्रयोग गर्न सकिन्छ । जस्तो कि जलविद्युत् योजना, बस्ती विकास कार्यक्रम, उत्पादन सङ्कलन तथा बिक्री वितरण केन्द्र एकभन्दा बढी प्रदेश वा स्थानीय तहहरु मिलेर कार्यान्वयन गर्न सक्दछन् ।

**स्थानीय आर्थिक विकासको मोडल प्रयोगको सन्दर्भ**

नेपालमा लघु उद्यम विकास कार्यक्रमको मोडल सफल मोडलका रुपमा लिइन्छ। यसमा उद्यम विकास, बजारीकरण, जीवनस्तर विकासमार्फत गरिबी निवारणका विषयहरु यसमा समेटिइएका छन् । विगतमा सफलताको सिँढीमा अगाडि बढेको मोडल भएकै कारण सङ्घीयता कार्यान्वयनमा आएपश्चात् पनि प्रत्येक स्थानीय तहमा उद्यम विकास कार्यक्रम समेट्ने संरचना र जनशक्ति आबद्ध गरिएको छ। यो कार्यक्रमले निजी क्षेत्रलाई समेत विश्वासमा लिएर सहभागितामूलक मोडलमा उत्पादन, आय र रोजगारी वृद्धिलाई अगाडि बढाउने अवधारणा प्रयागमा ल्याएको छ । केही वर्षयता आएर नेपालमा स्थानीय आर्थिक विकासको मोडलका सम्बन्धमा केही सरकारी दस्तावेजहरु तयार भएका छन्। उत्पादनसँग सामूहिक शक्ति (विद्यार्थी, महिला समूह, सहकारी, क्लब वा अन्य सामाजिक अभियानमा संलग्न) लाई जोड्न सकेमा अर्थतन्त्र चलायमान हुन सक्छ/बेरोजगारी हट्न सक्छ। स्थानीय सम्भावना र आवश्यकता अनुसार उत्पादनको आइटम फरक हुन सक्छ तर अर्थतन्त्रलाई आत्मनिर्भर र टिकाउ बनाउने भनेकै स्थानअनुसारका प्रोडक्टको उचित बजारीकरण मात्र हो । स्थानीय आर्थिक विकास एक यस्तो अवधारणा हो जसले स्थानीय सम्भावनाको सहभागितामूलक ढङ्गले सदुपयोग गर्दै आय र रोजगारी बढाउने कामहरु हुने गर्दछ । समग्र परिवेशको बहुपक्षीय ढङ्गले मसिनो विश्लेषण गर्दै मेहनतसाथ काम गर्दै जाने र परिपूरक भूमिकामा रहेका पात्र संलग्न भएर मात्र दिगो स्थानीय आर्थिक विकास सम्भव छ। आवधिक योजनाको दस्तावे जमा सहकारी, निजी, सरकार र सामुदायिक क्षेत्रलाई मुख्य चार पात्रका रुपमा लिइएको छ । यीमध्ये निजी क्षेत्रलाई प्रमुख पात्रका रुपमा स्वीकार गर्नुपर्दछ किनभने निजी क्षेत्रले मात्र नवीन सोचका साथ उद्यमी कामहरु गर्न सक्दछन् र आवश्यक पर्दा जोखिम पनि लिन सक्दछन्। यसो भन्दैमा उदाहरणीयरुपमा भूमिका खेलिरहेका अन्य सङ्गठित संस्थाहरु वा अभियन्ता समूहलाई पनि समेट्न सकिँदैन भन्ने हुँदैन । तुलनात्मक रुपमा राम्रो भूमिका रहने हदसम्म उनीहरुको सहभागिता रहन सक्छ । व्यापारको संरचना केलाउँदा नेपालले विदेशबाट किनेर उपभोग गरिरहेका कतिपय वस्तुहरु खासगरी खाद्यान्न र निर्माण सामग्रीहरु नेपालमै उत्पादन, प्रशोधन र वितरण गर्न सकिने देखिन्छ। नेपाली भूमिमा अन्न उत्पादन बढाउन सम्भव छ, तरकारी र फलफुल पनि हामीलाई पुग्ने गरी उत्पादन हुनसक्छ। सिमेन्ट उत्पादनमा क्रान्ति आएजस्तै अन्य बढी उपभोग हुने निर्माण सामग्री र मालसामान नेपालमा उत्पादन गर्ने परिस्थिति सिर्जना गर्न सकिन्छ। पहिलेदेखि उत्पादन गर्दै आएका कतिपय अन्न, दलहन र फलफूल उत्पादनका लागि प्राविधिक जनशक्ति नेपालमै उपलब्ध छन् । केही आधुनिक औजार र तौरतरिका आवश्यक पर्ला । योबाहेक उत्पादित वस्तुको उपयुक्त बजारीकरण तथा वितरण महत्वपूर्ण छ । स्थानीय बजार व्यवस्थापनमा समयानुकूल नयाँ सीप चाहिन्छ। संयुक्त राष्ट्रसङ्घको उपमहासचिवको जिम्मेवारी सम्हाल्नुभएका नेपाली कूटनीति कुलचन्द्र गौतमद्वारा लिखित पुस्तक ‘लस्ट इन ट्रान्जिसन’ मा लेखकले नेपालमा भइरहेका छ खराब प्रवृत्तिको सूचीमा अति राजनीतिकरण, हिंसा र दण्डहिनताको संस्कृति, आर्थिक सवालहरुको सम्बन्धमा चरम बेवास्ता, जिम्मेवारी पन्छाउने प्रवृत्ति, संयोजनमा भन्दा विभाजनमा रमाउने सामाजिक संस्कृति र गर्नेभन्दा गरेजस्तो देखाउने प्रवृत्ति समाविष्ट छन् । यी सबै विषयले आर्थिकरुपमा सबल बन्ने मार्गमा अवरोधको काम गरेको प्रतीत हुन्छ । आर्थिक विकासलाई सारभूतरुपमा प्राथमिकता, मेहनत गर्ने बानी, स्वदेशी प्रयोग गर्ने संस्कृति र आर्थिक चक्रको संस्थागत विकास नै समृद्धिको आधार हो। यी जिम्मेवारीहरु स्थानीय तहले पूरा गर्न स्रोतको अभाव नहोस् भन्नका लागि साझेदारी वा संयुक्त व्यवस्थापनमा स्थानीय तहले कार्य गर्न सक्ने अवस्था रहेको छ । स्थानीय सरकारहरु आर्थिक समृद्धिका लागि आपसी समन्वयसमेत गरी बजार शक्तिको भरपूर प्रयोगमार्फत आर्थिक उन्नतिको सशक्त आधारभूमि बन्न सक्दछन्। यसको लागि खाँचो छ स्थानीय आर्थिक विकासको रणनीति, कानुनी खाका र निरन्तर संवाद गरी उत्पादनशील कार्य गर्ने स्थानीय साझा मञ्चको । स्थानीय तहको भूमिकालाई नजिकबाट नियाल्दा प्रमुखरुपमा नियमनकारी भूमिका, लगानीकर्ताका रुपमा भूमिका, अन्य पात्रसमेतलाई लगानीमैत्री वातावरण सिर्जनामा भूमिका जसमा लगानी सम्मेलनहरु आयोजना समेत पर्न सक्दछ। यसबाहेक सार्वजनिक निजी साझेदारी मोडलको प्रयोग के कसरी गर्ने भन्ने सम्बन्धमा कानुनी र अन्य तयारीसमेत पर्दछन्। मूलरुपमा त उत्पादन र बजार प्रवर्द्धनले विशेष महत्व रहन्छ । स्थानीय आर्थिक विकासलाई सर्वसाधारणको जीविकासँग जोड्नु आवश्यक छ । यस सम्बन्धमा सम्बोधन गर्नैपर्ने पाँच प्राथमिक विषय छन् । पहिलो भनेको उत्पादन र बजारीकरण केन्द्रित नीति तथा कार्यक्रम आवश्यक पर्दछ । त्यस्तै दोस्रो विषय भनेको समूह शक्तिलाई उत्पादन अभियानमा जोड्ने विषय हो। तेस्रो विषय भनेको आपसमा परिपूरक हुने खालका व्यावसायिक प्रयत्नहरुलाई राज्यका तर्फबाट सहजीकरण गर्ने विषय पर्दछ। चौथो पक्ष भनेको मौलिक उत्पादनको संरक्षण र प्रवर्द्धन गर्ने विषय पर्दछ । देशको उत्पादनलाई संरक्षण सहितको प्रवर्द्धनका लागि आयतमा नियन्त्रण र कडाइ पनि आवश्यक छ। यसबाहेक सरकारी कार्यालयमा आवश्यकीय चीजहरु सम्भव भएसम्म नेपाली नै खरिद गर्नुपर्दछ । त्यस्तै, पाँचौँ विषय भनेको नेपालको अवस्थिति र सम्भावना अनुसारका प्रोडक्टको विश्व बजारमा प्रचारप्रसार एवम् मूल्य अभिवृद्धिको प्रयत्नसमेत पर्दछ। तसर्थ उत्पादनसँग जोडिने कामहरुलाई नीति, कार्यक्रम र पूर्वाधारका तर्फबाट समग्र इकोसिस्टम तयार गर्नुपर्दछ ।

**निस्कर्ष**

अबको समय आर्थिक रुपान्तरणको हुनुपर्दछ । अर्थतन्त्रलाई बलियो र दिगो बनाउने हो भने देशभित्रको माग अनुसारका सीपयुक्त जनशक्ति निर्माणमा, सर्वप्रथम आन्तरिक बजार र क्रमशः नजिकको बाह्य बजारको मागअनुसार वस्तु र सेवा उत्पादन एवम् वितरणको व्यवस्था गर्नुपर्दछ। कष्टकर जीवनका साथ विदेशी भूमिमा रहेर आर्जन गरेको कमाई उपभोगमा र अनुत्पादक क्षेत्रमा खर्च हुनु दुःखद कुरा हो। व्यावसायिक क्षेत्रमा खासगरी उत्पादन, रोजगारी र आय बढ्ने काममा सबै तहका सरकारहरुले प्राथमिकतापूर्वक नीतिगत र कार्यक्रमगत व्यवस्था गर्नु जरुरी छ। आर्थिक विकासको एजेन्डा सिङ्गो देशकै प्रमुख सवाल बन्नुपर्दछ । सबै सामूहिक र व्यक्तिगत पहल यही मिसनका लागि सहयोगी बन्नुपर्दछ। आर्थिक रुपान्तरणका लागि कर्मशील र अनुशासित कार्यसंस्कृतिले स्थान पाउनुपर्दछ । स्थानीय आर्थिक विकासको समष्टिले मात्र राष्ट्रियस्तरमा दह्रो र टिकाउ आर्थिक समृद्धि हुन सक्दछ। सबै तहका सरकारहरुले नयाँ नीति तथा बजेट जारी गर्दा यसलाई प्राथमिकता दिए मात्रै अर्थतन्त्र चलायमान हुनसक्छ ।

*(लेखक सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सहसचिव हुनुहुन्छ।)*

## आवश्यक टेलिफोन नम्बरहरु

| | | | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल | १०० | IRDs समाज सहकारी अस्पताल | ५५०४०१ |
| जिल्ला प्रहरी कार्यालय जलेश्वर | ५२०१९९ | सिटि केयर हस्पीटल वर्दिवास | ५५०५२७ |
| ईलाका प्रहरी कार्यालय बर्दिबास | ५५०००६ | छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला ट्रा.प. कार्यालय | ५५००५५ | ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| नेपाल पत्रकार महासंघ, महोत्तरी | ५२०५१५ | बर्दिवास दुरसञ्चार | ५५०००० |
| शुभ स्वस्तिक हस्पिटल | ५५०२५५ | नेपाल रेल्वे जनकपुरधाम | ५२०२११ |
| बर्दिबास अस्पताल | ५५००९० | जनकपुर आँखा अस्पताल | ५२०३९७ |
| रेडक्रस एमबुलेन्स | ५२०१०० | प्रदेशिक अस्पताल जनकपुरधाम | ५२००३३ |
| वारुण यन्त्र (दमकल) | ५२००९७ | सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| नेपाल विद्युत वितरण केन्द्र, गौशाला | ५५६०८९ | एम्बुलेन्स (हिमालय युवा क्लव नक्टाझिज) | ०४१-६२०४९१, ९८०४८१५१२६ |
| जलेश्वर अस्पताल | ५२००७० | | |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ | एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ | एम्बुलेन्स (मारवाडी सेवा समिति) | ५२२७६२, ५२१७८४ |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ | एम्बुलेन्स (जानकी मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ | महाविर युवा कमिटी एम्बुलेन्स | २५९८० |


## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | कर्मयोगबाट विशेष फाइदा हुनेछ। | तुला | अस्वस्थताले काममा ढिलासुस्ती हुन सक्छ। |
| बृष | पुरुषार्थी काम प्रारम्भ हुनेछ। | वृश्चिक | बेसुरमा बोल्ने बानीले वादविवाद निम्त्याउन सक्छ। |
| मिथुन | परिबन्धले अप्ठ्यारो स्थिति निम्त्याउन सक्छ। | धनु | हिम्मतले काम बनाउन सकिनेछ। |
| कर्कट | चुनौतीपूर्ण कामको जिम्मेवारी वहन गर्नुपर्ने समय छ। | मकर | मिहिनेत परे पनि सोचेको नतिजा हातलागी नहुन सक्छ। |
| सिंह | सुन्दर पहिरनले व्यक्तित्वमा निखारता आउनेछ। | कुम्भ | पहिलेको सफलताले महत्त्वाकांक्षा बढाउनेछ। |
| कन्या | हिम्मतले काम लिँदा मनग्य लाभ हुनेछ। | मीन | आकस्मिक खर्चले अर्थ अभाव देखापर्न सक्छ। |

राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस् ।

# कांग्रेसद्वारा तीन जिल्लाका कार्यकर्ताको कारबाही फुकुवा

▪ टक नेपाल



काठमाडौँ । नेपाली कांग्रेसले विगतको तीनै तहका निर्वाचनमा पार्टीका आधिकारिक उम्मेदवार विरुद्धका बागी बनेका तीन जिल्लाका उम्मेदवार र त्यस्ता उम्मेदवारका प्रस्तावक तथा समर्थकको कारवाही फुकुवा गरेको छ । कांग्रेसको केन्द्रीय अनुशासन समितिले आज विज्ञप्तिमार्फत बागी बनेर स्वतः कारबाहीमा परेका तथा पार्टीको जिल्ला, प्रदेश र केन्द्रीय अनुशासन समितिको निर्णयबाट अनुशासनको कारबाहीमा परेका तनहुँ, चितवन र बारा का पार्टीका सम्पूर्ण सदस्यको अनुशासनको कारबाही आजै का मितिदेखि लागू हुने गरी फुकुवा गरेको जनाएको हो । कांग्रेस केन्द्रीय कार्यसमितिको आगामी बैठकबाट केन्द्रीय अनुशासन समितिको यस निर्णय कार्यान्वयन प्रयोजनका लागि मात्र लागू हुने गरी पार्टी विधानको धारा ७१ को अधिकार प्रयोग गरी उक्त धाराको व्यवस्था निलम्वन हुने समिति संयोजक आनन्दप्रसाद ढुङ्गानाले जानकारी दिनुभयो । पार्टी अनुशासनको कारबाही फुकुवा भएका तनहुँ, चितवन र बाराका सम्पूर्ण नेता कार्यकर्तालाई यही वैशाख १० गते हुने उपनिर्वाचनमा तनहुँ क्षेत्र नं १ का पार्टीका उम्मेदवार गोविन्द भट्टराई र चितवन क्षेत्र नं २ का पार्टीका उम्मेदवार जीतनारायण श्रेष्ठ तथा पार्टीले समर्थन गरेका बारा क्षेत्र नं २ का उम्मेदवार उपेन्द्र यादवलाई विजयी बनाउनका लागि सक्रियतापूर्वक क्रियाशील रहनसमेत समितिले अनुरोध गरेको छ ।

**आर.जे.ट्रेड लिङ्क प्रा.लि.**
बर्दिबास नगरपालिका-१, महोत्तरी
**पूर्व बस काउण्टरको पूर्व शिव मन्दिरको दक्षिणपट्टी**

**मिति २०७९ चैत १५ गतेदेखि चैत २५ गतेसम्म फ्रि सबै किसिमको अटोहरुको सर्भिस क्याम्प सञ्चालन हुने भएको हुँदा सम्पूर्ण अटो व्यवसायीहरुलाई सुविधा लिई मौकाको फाईदा उठाउन हुन हार्दिक अनुरोध गर्दछौं।**

- अटोको ईन्जिन वारेन्टीको साथ बनाईन्छ।
- अटो सर्भिसमा सर्भिस चार्ज फ्रि हुनेछ।
- सबै किसिमको अटोहरुको पार्ट्स पाउनुको साथै वारेन्टीको साथ मर्मत पनि गरिन्छ।
- अटो वासिङ्ग सुपत मुल्यमा गरिन्छ।
- वाइरिङ्ग सम्बन्धी सम्पूर्ण काम गरिन्छ।
- सर्भिस क्याम्पमा सहभागी अटो व्यवसायीहरुलाई चिनो स्वरुप आकर्षक गिफ्टको साथै खाजाको पनि व्यवास्था गरिएको छ।

**एक पटक सेवा गर्ने अवसर अवश्य दिनुहोला ।**

**9815802784, 9849089020**
**कार्यालय शोरुम नम्बर :**
**+9779822053224**

**नवक्षितिज ब्रिजकोर्स**
**बर्दिवास**
BEST OF LUCK FOR YOUR EXAM !!!
After S.E.E. Join
Bridge Course
Science & Management
HA. Staff Nurse Preparation
Bridge Course for A-Level



Entrance Exam date:
2079-12-29
सम्पर्क:
9809608739, 9801052127
9849078741, 9817850768

# पोखराको पर्यटनबारे भारतको पटनामा चर्चा

▪ वासुदेव पौडेल



पटना । पोखराको पर्यटनबारे चर्चा भारतको पटनामा गरिएको छ । नेपाल एशोसिएसन अफ टुर एन्ड ट्राभल एजेन्ट्स (नाट्टा) गण्डकी प्रदेशको आयोजना एवं पोखरा महानगरपालिकाको सहयोगमा गरिएको पर्यटन प्रवर्द्धन कार्यक्रमअन्तर्गत पटनामा पोखराको पर्यटकीय सम्भावना, त्यहाँको आतिथ्यतालगायतका विषयमा भारतका पर्यटन व्यवसायीसँग छलफल एवं अन्तर्क्रिया गरिएको हो । कार्यक्रममा पोखरेली पर्यटन व्यवसायीले पोखरा प्राकृतिक एवं सांस्कृतिकरूपमा घुम्नै पर्ने गन्तव्य भएको बताउँदै गर्दा पटनाका पर्यटन व्यवसायीले त्यहाँका भोगाइ तथा अनुभवलगायतका विषयमा चर्चा गरेका थिए । कार्यक्रममा पोखरा पर्यटन परिषद्का अध्यक्ष पोमनारायण श्रेष्ठले प्राकृतिकरूपमा विश्वकै सुन्दर गन्तव्यमध्येमा पोखरा पनि एक भएको बताउँदै आफूहरू विगतदेखि नै 'अतिथि देवो भवः' को मन्त्रलाई आत्मसात गर्दै आएको बताउनुभयो । "पोखरा मित्रराष्ट्र भारतका आम सर्वसाधारणका लागि सहजरूपमा घुमेर मनोरञ्जन लिनसक्ने गन्तव्य हो", उहाँले भन्नुभयो, "भारतसँग नेपालको भौगोलिक निकटतासँगै वर्षौं देखिको आपसी भाइचारा कायम रहँदै आएको छ ।" नजिकैबाट हिमाली दृश्यको अवलोकनसँगै साहसिक पर्यटनका विभिन्न गतिविधि पोखरामा गर्न पाइने बताउँदै उहाँले आफूहरू सधैं भारतीय पर्यटकको न्यानो आतिथ्यताका लागि तयार रहेको बताउनुभयो । नाट्टा गण्डकी प्रदेशका अध्यक्ष हरिराम अधिकारीले भारत पोखरा तथा नेपालका लागि महत्वपूर्ण पर्यटन स्रोत बजार रहेको बताउनुभयो । पोखरा सबै किसिमको मौसममा घुम्न उपयुक्त रहेको बताउँदै उहाँले भारतीय पर्यटकले पोखरा घुम्न आउने क्रममा विगतमा भोग्ने गरेका समस्या बुझ्दै र आगामी दिनमा त्यसको निराकरण गर्ने पनि प्रवर्द्धनात्मक कार्यक्रमको उद्देश्य रहेको बताउनुभयो । टुरिजम एशोसिएसन अफ विहारका सचिव प्रकाश चन्द्रले पोखरा आफूहरूको रोजाइमा पर्ने गन्तव्यमध्ये को एक भएको बताउनुभयो । भारतीय अधिकांश पर्यटकले घुमाइका क्रममा राम्रैसँग खर्च गर्ने गरेको उल्लेख गर्दै उहाँले पोखरामा अनलाइन पेमेन्टलाई सहज एवं प्रभावकारी बनाउन जरुरी रहेको बताउनुभयो । पटनाका सिनियर टुरिजम कन्सल्टेन्ट सञ्जय शर्माले नेपाल र भारतबीचको सदियौँ देखिको रोटी र बेटीका सम्बन्धका कारण पनि एकअर्कामा नजिक रहँदै आएको धारणा राख्नुभयो । पोखरा र पटनाबीचको कनेक्टिभिटी बढाउनुपर्नेमा जोड दिँदै उहाँले सिधा हवाई सम्पर्कका लागि दुवै तर्फबाट पहल गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो । भारतबाट नेपाल आउनका लागि सडक सञ्जाललाई पनि चाँडो व्यवस्थित गर्नुपर्ने उहाँको भनाइ छ । पोखरा महानगरपालिका पर्यटन विकास समितिका उपाध्यक्ष रवीन्द्रराज पौडेलले पोखरा हरेक मौसममा घुम्न सकिने गन्तव्य भएको बताउँदै धार्मिक पर्यटनसँगै साहसिक पर्यटनका विभिन्न गतिविधि एकसाथ गर्नका लागि पोखरा घुम्न आउन आग्रह गर्नुभयो । आतिथ्यताका दृष्टिले पोखरा अग्रस्थानमा रहेको उहाँको भनाइ छ । नाट्टा गण्डकी प्रदेशका महासचिव सङ्गीता पौडेलले प्रवर्द्धनात्मक भ्रमणका क्रममा भारतीय पर्यटकले विगतमा भोग्ने गरेका असहज अवस्थाबारे समेत जानकारी लिइने बताउनुभयो । पोखरा धार्मिक, सांस्कृतिक एवं साहसिक पर्यटनको गन्तव्य रहेको कार्यक्रम संयोजक एवं नाट्टा गण्डकी प्रदेशका प्रथम उपाध्यक्ष किशोर दहालले बताउनुभयो । विश्वमै विशिष्ट धार्मिक महत्व बोकेको शालिग्राम पाइने क्षेत्रका रूपमा गण्डकी रहेको उहाँले बताउनुभयो । कार्यक्रममा पोखरा र पटनाका व्यवसायीबीच व्यावसायिक साझेदारीबारे छलफल (बिटुबी) गरिएको थियो । प्रवर्द्धनात्मक कार्यक्रमअन्तर्गत आज बनारस पुगी त्यहाँका पर्यटन व्यवसायी एवं सञ्चार कर्मीसँग छलफल गरिने उहाँले जानकारी दिनुभयो । बनारसपछि अयोध्या एवं गोरखपुरलगायतका गन्तव्यमा प्रवर्द्धनात्मक कार्यक्रम गरी यही वैशाख ८ गते पोखरा फर्कने कार्यक्रम रहेको उहाँले जानकारी दिनुभयो ।

# विकास खर्च निराशाजनक.........

**कुन मन्त्रालयको कति खर्च ?**

भौतिक पूर्वाधार विकास मन्त्रालयका लागि १८ अर्ब ३५ करोड ४७ लाख १५ हजार रुपैयाँ बजेट विनियोजन गरिएकोमा सो मन्त्रालयले चैत मसान्तसम्ममा ३ अर्ब ४१ करोड ३१ लाख ३५ हजार ४२८ रुपैयाँ मात्र खर्च गरेको छ। यस मन्त्रालयले आगामी ३ महिनामा १४ अर्ब ९४ करोड १५ लाख ७९ हजार ५७२ रुपैयाँ खर्च गर्न बाँकी रहेको छ। यस्तै, सामाजिक विकास मन्त्रालयका लागि ७ अर्ब ९३ करोड ७२ लाख ३२ हजार रुपैयाँ बजेट विनियोजन गरेकोमा ३ अर्ब ६१ करोड ४६ लाख १३ हजार ९१० रुपैयाँ खर्च गरेको प्रदेश लेखा नियन्त्रक कार्यालयले जनाएको छ। यस मन्त्रालयले ३ महिनामा ४ अर्ब ३२ करोड २६ लाख १८ हजार ८९ रुपैयाँ खर्च गर्न बाँकी छ। उद्योग, पर्यटन तथा वन मन्त्रालयका लागि ४ अर्ब ५४ करोड २८ लाख ४८ हजार ६ सय रुपैयाँ बजेट विनियोजन गरिएकोमा चालु आवको ९ महिनामा ९२ करोड २७ लाख ६० हजार ४८५ रुपैयाँ खर्च भएको हो। यस मन्त्रालयले ३ अर्ब ६२ करोड ८८ हजार ११५ रुपैयाँ खर्च गर्न बाँकी रहेको छ। भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका लागि २ अर्ब ४५ करोड ७ लाख ८३ हजार रुपैयाँ विनियोजन गरेकोमा ३८ करोड ६७ लाख ४ हजार ८९६ रुपैयाँ खर्च भएको छ । यस मन्त्रालयले अबको ३ महिनामा २ अर्ब ६४ करोड ७८ हजार १०३ रुपैयाँ खर्च गर्नुपर्ने देखिन्छ । यस्तै, खानेपानी तथा उर्जा विकास मन्त्रालयका लागि १ अर्ब ६८ करोड ८६ लाख ७१ हजार रुपैयाँ बजेट विनियोजन गरिएकोमा चैत मसान्तसम्ममा ५० करोड २३ लाख ७१ हजार ६३३ रुपैयाँ मात्रै खर्च भएको छ। यस मन्त्रालयले १ अर्ब १८ करोड ६२ लाख ९९ हजार ३६७ रुपैयाँ अझै खर्च गर्न बाँकी रहेको देखिन्छ । मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका लागि १ अर्ब ३६ करोड ३५ लाख १८ हजार ३१९ रुपैयाँ विनियोजन भएकोमा चैत मसान्तसम्ममा १५ करोड ३३ लाख २२ हजार ४१ रुपैयाँ मात्र खर्च भएको प्रदेश लेखा नियन्त्रक कार्यालयले जनाएको छ । मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले आगामी ३ महिनामा १ अर्ब २१ करोड १९ लाख ६ हजार २७८ रुपैयाँ खर्च गर्न बाँकी रहेको देखिन्छ। यस्तै, गृह तथा सञ्चार मन्त्रालयका लागि आव २०७९/८० मा ६४ करोड ३३ लाख २० हजार रुपैयाँ विनियोजन गरिएकोमा चैत मसान्तसम्ममा ९ करोड ४३ लाख ४८ हजार ३८८ रुपैयाँ खर्च भएको हो । यस मन्त्रालयले ५४ करोड ८९ लाख ७१ हजार ६१२ रुपैयाँ खर्च गर्न बाँकी छ । मधेस सरकारले महिला, बालबालिका, युवा तथा खेलकुद मन्त्रालयका लागि ५७ करोड ४९ लाख ३४ हजार रुपैयाँ विनियोजन गरेकोमा चैत मसान्तसम्ममा ६ करोड २ लाख ३ हजार ८६४ रुपैयाँ खर्च भएको छ। यस मन्त्रालयले बाँकी ३ महिनामा ५१ करोड ४७ लाख ३० हजार १३६ रुपैयाँ बजेट खर्च गर्न बाँकी छ। अर्थ मन्त्रालयका लागि २३ करोड ५१ लाख २६ हजार ९०१ रुपैयाँ विनियोजन गरिएकोमा चालु आवको ९ महिनामा ६ करोड ११ लाख २३ हजार ४०४ रुपैयाँ खर्च गरेको छ । अर्थ मन्त्रालयले यस आर्थिक वर्षमा १७ करोड ४० लाख ३ हजार ४९७ रुपैयाँ खर्च गर्न बाँकी छ । कानून, न्याय तथा प्रदेशसभा मामिला मन्त्रालयका लागि ५ करोड ३४ लाख १३ हजार ५ सय रुपैयाँ विनियोजन गरिएकोमा २ करोड ९ लाख ८४ हजार १५९ रुपैयाँ खर्च भएको हो । यस मन्त्रालयले ३ करोड २४ लाख २ ९ हजार ३४१ रुपैयाँ खर्च गर्न बाँकी रहेको देखिन्छ । वाणिज्य, आपूर्ति तथा विज्ञान प्रविधि मन्त्रालयका लागि ४ करोड ८३ लाख ९ हजार ८५२ रुपैयाँ विनियोजन गरिएकोमा ५३ लाख ४१ हजार ८५८ रुपैयाँ खर्च भएको हो। यस मन्त्रालयले ४ करोड २९ लाख ६७ हजार ९९४ रुपैयाँ खर्च गर्न बाँकी छ । यस्तै, प्रदेशसभाका लागि ३८ करोड ८७ लाख ४७ हजार रुपैयाँ विनियोजन गरिएकोमा १२ करोड ३५ लाख ६५ हजार ४०८ रुपैयाँ खर्च भएको छ। प्रदेश लोकसेवा आयोगका लागि ९ करोड ६६ लाख ६७ हजार रुपैयाँ विनियोजन गरिएकोमा २ करोड ५३ लाख ९७ हजार ५१० खर्च भएको हो। मुख्य न्यायाधीवक्ताको कार्यालयका लागि ४ करोड १३ लाख ४८ हजार रुपैयाँ विनियोजन गरिएकोमा १ करोड ८४ लाख ६४ हजार ९२० रुपैयाँ खर्च भएको हो । यस्तै, प्रदेश नीति तथा योजना आयोगका लागि ७ करोड ३ लाख ९५ हजार रुपैयाँ विनियोजन गरिएकोमा ५२ लाख ३५ हजार ३५१ रुपैयाँ खर्च भएको प्रदेश लेखा नियन्त्रक कार्यालयले जनाएको छ । यसअघि मधेस प्रदेश सरकारले आर्थिक वर्ष २०७८/७९ मा ३३ अर्ब ७९ करोड १४ लाख ३० हजारको बजेट ल्याएको थियो । जसमा चालूतर्फ १५ अर्ब ६३ करोड ३३ लाख ४७ हजार अर्थात् ४६ दशमलव २६ प्रतिशत रकम विनियोजन गरिएको थियो । पुँजीगततर्फ १८ अर्ब ५ करोड ८० लाख ८३ हजार अर्थात ५३ दशमलव ४४ प्रतिशत र वित्तीय व्यवस्थातर्फ १० करोड अर्थात् शून्य दशमलव ३० प्रतिशत विनियोजन गरिएको थियो । त्यसअघि आर्थिक वर्ष २०७७/७८ मा मधेस प्रदेश सरकारले ६५ दशमलव ३९ प्रतिशत बजेट खर्च गरेको थियो ।

# जनकपुरधाम उपमहानगरपालिकाका कर्मचारीको स्तर वृद्धि अवैधानिक : महालेखा परीक्षक

**टक नेपाल**




जनकपुरधाम । जनकपुरधाम उपमहानगरपालिकाले प्रदेश लोक सेवा आयोगबाट परामर्श नलिई कर्मचारीको स्तरवृद्धि गरेको भन्दै महालेखा परीक्षकको वार्षिक प्रतिवेदनले स्तर वृद्धिलाई अवैधानिक भनेको छ । महालेखा परीक्षकको कार्यालयले सार्वजनिक गरेको २०७८/७९ को ६० औँ वार्षिक प्रतिवेदनमा सो कुरा उल्लेख रहेको छ । मधेस प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा २ (झ) को व्यवस्था प्रतिकूल हुने गरी जनकपुरधाम उपमहानगरपालिकाल कर्मचारी समायोजन (स्तर वृद्धि) ऐन, २०७७ जारी गरेको र प्रमुख प्रशासकीय अधिकृतको २०७८ वैशाख ३० गतेको निर्णयबाट ६९ र २०७८ असोज १ गतेको निर्णयले २६ कर्मचारीको स्तर वृद्धि गरेको पाइएको छ । स्तर वृद्धि भएका कर्मचारीलाई माथिल्लो स्तरको तलब भुक्तानी गर्दा १९ लाख ८४ हजार रुपैयाँ बढी व्ययभार पारेको महालेखाको प्रतिवेदनमा उल्लेख छ । सोही निर्णयअनुसार जेठ महिनादेखि लागू हुने गरी स्तर वृद्धि भएका कर्मचारीले ग्रेड वृद्धि एक वर्ष पछिको जेठ महिनामा मात्र पाउनेमा स्तर वृद्धि भएको दुई महिनामै पुनः २०७८ साउनदेखि ग्रेड वृद्धि समेत थप गरी भुक्तानी गर्दा ६१ कर्मचारीलाई ८ लाख ३७ हजार रुपैयाँ बढी भुक्तानी गरेको पाइएको महालेखा परीक्षकको प्रतिवेदनमा उल्लेख रहेको छ । संविधानको व्यवस्था बमोजिम उपमहानगर पालिकाका कर्मचारीसम्बन्धी कानून हालसम्म नबनेको र प्रदेश लोक सेवा आयोगबाट परामर्श समेत नलिएकोले उक्त स्तर वृद्धिसम्बन्धी निर्णय कानुनसम्मत नदेखिएको महालेखाको ठहर गरेकाले स्तर वृद्धिको वैधानिकतामा नै प्रश्न खडा भएको छ । कर्मचारीको स्तर वृद्धि गर्नका लागि तत्कालीन नगर प्रमुख तथा प्रमुख प्रशासकीय अधिकृतबाट आर्थिक चलखेलको आशङ्का पनि गरिएको छ । स्थानीय तहको कर्मचारी भर्ना तथा बढुवाका ला गि प्रदेश लोकसेवा आयोगको संलग्नतालाई अनिवार्य गरिएको छ ।

# ‘अर्थतन्त्रको दबाब कम गर्न उद्योगीको सहयोग आवश्यक’

**टक नेपाल**

काठमाडौं । उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री रमेश रिजालले अर्थतन्त्रमाथि देखापरेको दबाब कम गर्न उद्योगी व्यापारीको सहयोग आवश्यक रहेको धारणा व्यक्त गर्नुभयो । उहाँले राजनीतिक अस्थिरता, कोरोना महामारी र रसिया-युक्रेन युद्धका कारण आर्थिक मन्दीको दुशचक्रमा फसेको नेपाललाई सहज अवस्थामा ल्याउन नेपाली उद्योगपति व्यापारीको सहयोग अति नै आवश्यक रहेको बताउनुभयो । वीरगञ्ज उद्योग वाणिज्य सङ्घले आज वीरगञ्जमा आयोजना गरेको स्वागत तथा सम्मान कार्यक्रमलाई सम्बोधन गर्दै उहाँले मुलुकको आवश्यकतालाई १२ महिनासम्म धान्न सकिने विदेशी मुद्राको सञ्चिति भए पनि विश्व मन्दिका कारण अर्थतन्त्रमाथि दबाब परेको उल्लेख गर्नुभयो । मन्त्री रिजालले उद्योगी, व्यापारी, राष्ट्र सेवक, राजनीति दल सबै पक्ष एकजुट भइ समस्या समाधानमा लाग्नुपर्नेमा जोड दिनुभयो । उहाँले उद्योग व्यापारका क्षेत्रमा विविध समस्या छन् र ती समस्यालाई ऐन कानुन संशोधन गरेर भए पनि सम्बोधन गर्न नेपाल सरकार तयार रहेको जानकारी दिनुभयो । उद्योग व्यापारको विकास विना नेपाल र नेपाली समृद्ध हुन नसकिने भएकाले यी क्षेत्रमा देखिएको समस्यालाई चाँडोभन्दा चाँडो सम्बोधन गर्न उद्योगी व्यापारी र राष्ट्र सेवकको संयुक्त समूह नै गठन गर्न आफू तयार रहेको मन्त्री रिजालले बताउनुभयो । मुलुकभित्र समस्या धेरै भए पनि वर्तमान सरकार पाँच वर्ष टिक्ने र देखिएको समस्यालाई विस्तारै भए पनि हल गर्दै जाने मन्त्री रिजालले विश्वास व्यक्त गर्नुभयो । उहाँले समस्या नै समस्याको चाँड रहेको वर्तमान अवस्थाबाट मुलुकलाई बाहिर निकाल्न सबै क्षेत्र सकारात्मक हुन आवश्यक रहेको विचार व्यक्त गर्नुभयो ।


मनराशिसवा नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

मनरा, महोत्तरी (मधेश प्रदेश), नेपाल

**शिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने आशयको सुचना**

प्रथम पटक सूचना प्रकाशन मिति :- २०८०/०१/०६ गते

यस कार्यालयद्वारा तपशिलका निर्माण कार्यका लागि मिति २०७९/१२/१४ गतेको रास्ट्रीय दैनिक पत्रिका “द पब्लिक टुडेमा” प्रकाशित बोलपत्र/शिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धि सूचना अनुसार म्याद भित्र यस मनरा शिसवा नगरपालिका,नगर कार्यपालिकाको कार्यालयमा रितपूर्वक दर्ता भएका सम्पूर्ण बोलपत्र/शिलबन्दी दरभाउपत्रहरु मध्ये तपशिलको बोलपत्रदाता/दरभाउपत्रदाताहरुको बोलपत्र/दरभाउपत्र न्युनतम मुल्यांकित सारभूतरुपमा प्रभावग्राही रहेको पाईएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्पूर्ण सरोकारवालाहरुको जानकारीको लागी आदेशानुसार यो सुचना प्रकाशित गरिएको छ ।

**तपशिल :-**

| क्र.स. | ठेक्कान. | कार्यको विवरण | छनौट भएका बोलपत्रदाता /दर भाउपत्रदाताको नाम र ठेगाना स्थान | कबोल अंक(मु.अ.कर र पी.एस बाहेक ) |
|---|---|---|---|---|
| १ | **Mun/Manara/Works/ SQ/5/2079/80** | मनरा स्वास्थ्य चौकीमा शेड निर्माण | दुर्गा निर्माण सेवा साढा -३, महोत्तरी | १६,७२,८२३.८० |

**नि. कार्यालय प्रमुख**



**बालबालिकालाई भिटामिन ए र जुकाको औषधी खुवाउने सूचना**




यही **२०८० वैशाख ६ र ७ गते,**
६ देखि ५९ महिना उमेरसम्मका बालबालिकालाई भिटामिन 'ए' क्याप्सुल तथा १२ देखि ५९ महिना उमेरसम्मका बालबालिकालाई जुकाको औषधी खुवाईदैछ ।

**आफ्ना बालबालिकालाई नजिकैको महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका मार्फत भिटामिन 'ए' र जुकाको औषधी खुवाऔं ।**

बर्दिबास नगरपालिका
बर्दिबास, महोत्तरी



“समयमा आफ्नो स्वास्थ्य जाँच गराउ र स्वस्थ रहौं ।”

**LIVER FUNCTION TEST** — Rs. 2800/-
- Bilubine Total/Direst
- SGOT
- SGPT
- ALP
- Total Protine
- Albumine
- Globline
- AG-Ratio
- GGT

**WHOLE BODY CHECKUP** — Rs. 6000/-
- CBC
- RBC
- LFT/RFT
- TSH
- URINE R/E
- LIPID PROFILE
- USG/ECG/X-RAY

**CARDIAC PROFILE** — Rs. 5000/-
- CPK
- CK MB
- SGOT
- TROPONIN
- LDH
- TOTAL CHOLESTEROL
- TRIGCYCERIDE

**DIABETS PACKAGE** — Rs. 4800/-
- URIN R/E
- RFT
- LIPID PROFILE
- CBC
- Glucose/F/PP
- MICRO AIBUMIN
- HBAIC

“गुणस्तरीय सेवा, हाम्रो प्रतिबद्धता”

**शुभ स्वस्तिक हस्पिटल प्रा.लि.**

बर्दिबास-१४, औरहीरोड सम्पर्क : ०४४-५५०२५५, ९८४४०१५६१६, एम्बुलेन्स : ९८१२०८५६०४


बर्दिबास मिडिया प्रा.लि. द्वारा प्रकाशित, ललन मण्डल, सम्पादक : रंजुकुमारी साह, सल्लाहकार सम्पादक : ईश्वरी काफ्ले (प्रमुख प्रशासकीय अधिकृत), प्रवन्धक : बिनोद ढुंगेल, साजसज्जा : बिबेक कुमार महतो
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस, बर्दिबास-३, महोत्तरी, प्रधान कार्यालय : बर्दिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com